# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भागः२ खण्डः६ संख्याः२० मितिः२०८१/०६/०५

## तालिम तथा बैठक एवम् अन्य विषयमा दिइने पारिश्रमिक तथा भत्ता सम्वन्धी कार्यविधि, २०८१(पहिलो संशोधन २०८२)

स्वीकृत मितिः२०८१/०६/०५

पहिलो संशोधन मितिः२०८२/०८/२३

खिजीदेम्वा गाउँपालिकामा आयोजना हुने विभिन्न तालिम तथा बैठक एवम् अन्य विषयमा पदाधिकारी,कर्मचारी,सहभागी एवम् विज्ञहरुलाई दिइने पारिश्रमिक तथा भत्ताहरुलाई व्यवस्थित गर्न वाञ्छनीय देखिएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम खिजीदेम्वा गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## परिभाषा

**१. संक्षिप्त नाम प्रारम्भः**

१.१. यस कार्यविधिको नाम "तालिम तथा बैठक एवम् अन्य विषयमा दिइने पारिश्रमिक तथा भत्ता सम्वन्धी कार्यविधि,२०८१ " रहेको छ ।

१.२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत तथा खिजीदेम्वा स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हूनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यपालिका" भन्नाले खिजीदेम्वा गाँउकार्यापालिकालाई सम्झनु पर्दछ ।

ख. "कार्यालय" भन्नाले खिजीदेम्वा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग. "कर्मचारी" भन्नाले गाउँ कार्यपालिका,वडा कार्यालय र विषयगत कार्यालयका स्थायी,अस्थायी,करार,ज्यालादारी कर्मचारीलाई सम्झनुपर्दछ साथै सो शव्दले प्रमुख प्रशासकीय अधिकृतलाई समेत सम्झनु पर्दछ।

घ. "विज्ञ" भन्नाले कुनै विषय।क्षेत्रमा जानकार व्यक्तिलाई सम्झनु पर्दछ ।

ङ. "होटल" भन्नाले भोजन खानपिनको प्रबन्ध भई बसोबासको सुबिधा दिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरां समेतलाई जनाउँछ ।

च. "सभा" भन्नाले खिजीदेम्वा गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

छ. "पदाधिकारी" अध्यक्ष,उपाध्यक्ष,कार्यपालिका सदस्य,वडाध्यक्ष र सदस्यहरुलाई समेत बुझ्नु पर्दछ।

ज. "अध्यक्ष" भन्नाले खिजीदेम्वा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

झ. "उपाध्यक्ष" भन्नाले खिजीदेम्वा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

ञ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले खिजीदेम्वा गाउँपालिकाका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी संझनु पर्दछ ।

ट. “वडा अध्यक्ष” भन्नाले खिजीदेम्वा गाउँपालिकाका विभिन्न वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

ठ. “सचिव” भन्नाले खिजीदेम्वा गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । वडाको हकमा सम्बन्धित वडा सचिव लाई सम्झनु पर्दछ ।

ड. “न्यायिक समिति” भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

ढ. “राजस्व परामर्श ” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६५ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

ण. “श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

त. “बजेट तथा कार्यक्र तर्जुमा समिति” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

थ. "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा ४ र धारा २२३ को उपधारा ४ बमोजिम गठित वडा समितिलाई सम्झनु पर्छ ।

द. "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियममा तोकिएको वा  तोकिए वमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २

## बैठक भत्ता सम्वन्धी व्यवस्था

**३. गाउँ सभा अधिवेशन बैठक भत्ता :** **(क)**गाउँ सभामा सहभागी हुने सभाका सदस्यहरुलाई गाउँ सभा अधिवेशन बैठक सञ्चालन भएको प्रत्येक दिनको देहाय बमोजिम बैठक भत्ता र अन्य सुविधा उपलव्ध गराइनेछः

| पदाधिकारी | बैठक भत्ता (दैनिक) | आतेजाते खर्च (गा.पा. बाट सवारी साधन नलिनेलाई मात्र) | बिहान बेलुका खाना खर्च | कैफियत |
|---|---|---|---|---|
| अध्यक्ष | १,०००।- | १,६००।- | ५००।- | |
| उपाध्यक्ष | १,०००।- | १,६००।- | ५००।- | |
| सभाका अन्य सदस्यहरु | १,०००।- | १,२००।- | ५००।- | |

**(ख)** गाउँ सभामा सहभागी हुने पदाधिकारी बाहेक सभाको सचिव र सहयोगी कर्मचारीहरु (बढीमा १० जना) लाई देहाय बमोजिम सभा सञ्चालन अवधिभर भत्ता र खाना खर्च उपलव्ध गराउन सकिनेछः

| सि.नं. | पदाधिकारी | बैठक भत्ता (दैनिक) | बिहान बेलुका खाना खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | सचिव(प्र.प्र.अ.) | १,०००।- | ५००।- | दैनिक |
| २ | सहयोगी कर्मचारी | १,०००।- | ५००।- | दैनिक |

४. **कार्यपालिका बैठक भत्ताः** (क)कार्यपालिका बैठकमा सहभागी हुने सदस्यहरुलाई देहाय बमोजिम भत्ता तथा अन्य सेवा सुविधा उपलव्ध गराइनेछः

| सि.नं. | पदाधिकारी।कर्मचारी | बैठक भत्ता।बैठक | आतेजाते खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यपालिका सदस्य | १,०००।- | ५००।- | सवारी साधन नलिने पदाधिकारीलाई मात्र |
| २ | सचिव(प्र.प्र.अ.) | १,०००।- | | |
| ३ | सहयोगी कर्मचारी | १,०००।- | | बढीमा ३ जना |

(ख)कार्यपालिकाको बैठकमा कुनै विज्ञको सहयोग लिनुपर्ने भएमा त्यस्तो विज्ञलाई सचिव सरहको बैठक भत्ता र आउँदाजाँदाकोगाडि भाडा रकम उपलव्ध गराइनेछ।

(स्पष्टिकरणः यस दफामा सदस्य भन्नाले गाउँ सभामा सोको अध्यक्ष र कार्यपालिकामा गाउँपालिकाको अध्यक्ष,उपाध्यक्ष तथा वडाध्यक्ष समेतलाई जनाउनेछ।)

**५. न्यायिक समितिका सदस्यहरुको बैठक भत्ता र अन्य सुविधाः**

(क) न्यायिक समितिका सदस्यहरुलाई देहाय बमोजिमको बैठक भत्ता र पारिश्रमिक रकम उपलव्ध गराइनेछः

| सि.नं. | पदाधिकारी।कर्मचारी | बैठक भत्ता।बैठक | आतेजाते खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | संयोजक | १,०००।- | ५००।- | सवारी साधन नलिने पदाधिकारीलाई मात्र |
| २ | कानूनी सल्लाहकार | १,०००।- | | |
| ३ | सहयोगी कर्मचारी | १,०००।- | | बढीमा १ जना |

(ख) इजलास सञ्चालन भएको बखत समितिको बैठकमा उपलव्ध गराए बमोजिमको भत्ता तथा अन्य सुविधा उपलव्ध गराइनेछ।

६. **राजस्व परामर्श समितिको बैठक भत्ता र अन्य सुविधा सम्वन्धी व्यवस्थाः** (क)समितिमा सहभागी प्रत्येक सदस्यहरुलाई प्रति बैठक रु.१,०००।-(अक्षरेपि एक हजार मात्र।) उपलव्ध गराइनेछ।
(ख) कर सम्वन्धी विज्ञ (आवश्य भएमा बढीमा २ जना) लाई रु.१,०००।-(अक्षरेपि एक हजार मात्र।) उपलब्ध गराइनेछ।
(ग) सहयोगी कर्मचारी १ जनालाई रु.५००।-(अक्षरेपि पाँच सय मात्र।) उपलब्ध गराइनेछ।

७. **श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक भत्ता र अन्य सुविधा सम्वन्धी व्यवस्थाः** (क)समितिमा सहभागी प्रत्येक सदस्यहरुलाई प्रति बैठक रु.१,०००।-(अक्षरेपि एक हजार मात्र।) उपलव्ध गराइनेछ।
(ख) सहयोगी कर्मचारी १ जना(आवश्यक भएमा मात्र)लाई रु.५००।-(अक्षरेपि पाँच सय मात्र।) उपलब्ध गराइनेछ।

८. **बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक भत्ता र अन्य सुविधा सम्वन्धी व्यवस्थाः**(क)समितिमा सहभागी प्रत्येक सदस्यहरुलाई प्रति बैठक रु.१,०००।-(अक्षरेपि एक हजार मात्र।) उपलव्ध गराइनेछ।
(ख) सहयोगी कर्मचारी १ जना(आवश्यक भएमा मात्र)लाई रु.५००।-(अक्षरेपि पाँच सय मात्र।) उपलब्ध गराइनेछ।

९. **अन्य विषयगत समितिहरुको बैठक भत्ता र अन्य सुविधा सम्वन्धी व्यवस्थाः** (क)समितिमा सहभागी प्रत्येक सदस्यहरुलाई प्रति बैठक रु.१,०००।-(अक्षरेपि एक हजार मात्र।) उपलव्ध गराइनेछ।
(ख) सहयोगी कर्मचारी १ जना(आवश्यक भएमा मात्र)लाई रु.५००।-(अक्षरेपि पाँच सय मात्र।) उपलव्ध गराइनेछ।
(ग) गाउँपालिकाबाट सवारी साधन नलिएका पदाधिकारीहरुलाई आतेजाते खर्च वापत रु. ५००।-(अक्षरेपि पाँच सय मात्र।) उपलब्ध गराइनेछ।

१०. **वडा समितिहरुको बैठक भत्ता र अन्य सुविधा सम्वन्धी व्यवस्थाः** (क)वडा समितिमा सहभागी प्रत्येक सदस्यहरुलाई प्रति बैठक रु.१,०००।-(अक्षरेपि एक हजार मात्र।) उपलव्ध गराइनेछ।
(ख) वडा सचिवलाई प्रति बैठक रु.१,०००।-(अक्षरेपि एक हजार मात्र।) उपलव्ध गराइनेछ। (ग) सहयोगी कर्मचारी १ जना(आवश्यक भएमा मात्र)लाई रु.५००।-(अक्षरेपि पाँच सय मात्र।) उपलव्ध गराइनेछ।

११. गाउँसभा वा कार्यपालिकाले आवश्यकता अनुसार विभिन्न समिति वा कार्यटोलिमा रहने सदस्यहरुको बैठकलाई बढीमा ३ वटा बैठकको प्रति सदस्य रु. १,०००।-(अक्षरेपि एक हजार मात्र।) का दरले बैठक भत्ता रकम उपलव्ध गराइनेछ।

**१२. कर्मचारी छनौट,परीक्षा सञ्चालन समितिको बैठक भत्ता तथा पारिश्रमिक सम्वन्धी व्यवस्था :** (१) गाउँपालिकामा कर्मचारी छनौट गर्न कार्यपालिकाद्वारा गठित छनौट समितिका सदस्यहरुलाई प्रति सदस्य प्रति बैठक रु.१,०००।-(अक्षेरेपि एक हजार मात्र।) उपलव्ध गराइनेछ।

(२)छनौट समितिका सदस्य बाहेक कुनै विज्ञलाई आमन्त्रण गर्नुपरेमा सदस्य सरहको बैठक भत्ताको अतिरिक्त नियमानुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ। दैनिक भ्रमण भत्ता दिन नमिल्ने स्थानको भए गाडि भाडा प्रचलित दर रेट अनुसारको रकम र खाना खर्च बापत रु. ५००।-(अक्षेरेपि पाँच सय मात्र।) उपलव्ध गराइनेछ।

(३) कर्मचारी छनौट गर्न लिखित परीक्षा सञ्चालन गर्नुपर्दा सो कार्यमा संलग्न पदाधिकारी वा कर्मचारीहलाई देहाय बमोजिम पारिश्रमिक वा भत्ता उपलव्ध गराइनेछः

क) प्रश्न पत्र निर्माण प्रति(प्रश्न सेट।विज्ञ) - रु.८००।-

ख) प्रश्न पत्र मोडरेशन (प्रश्न सेट।विज्ञ)- रु.४००।-

ग) प्रश्नपत्र छपाइमा संलग्न कर्मचारी (बढीमा २ जना)- रु.१,०००।-

घ) केन्द्राध्यक्ष (१ जना)- रु.१,०००।-(प्रति सिटिङ)

ङ) सहायक केन्द्राध्यक्ष (बढीमा १ जना)- रु.८००।-

च) निरीक्षक- रु.५००।-

छ) सहयोगी कर्मचारी- रु.४००।- (प्रति सिटिङ, प्रति केन्द्र १ जनालाई मात्र।)

ज) कार्यालय सहयोगी(१ जना) - रु.४००।-

## परिच्छेद ३

## तालिम, गोष्ठी भत्ता तथा अन्य सुविधा

**१३.** यस गाउँपालिकामा सञ्चालन गरिने विभिन्न तालिम तथा गोष्ठीहरुमा आवश्यकता र औचित्यका आधारमा देहाय बमोजिमको शिर्षकमा अधिकतम भत्ता तथा अन्य खर्च उपलव्ध गराइने छ ।

क. तालिम प्याकेज Module तयारी आवश्यक भएमा रु. २५००।-

ख. Module छपाई रु. ५०।- (प्रति सहभागी/दिन आवश्यकता भएमा )

ग. तालिम सञ्चालनः

अ. कार्य पत्र रु. १५०।-

आ. संयोजक भत्ता रु. १०००।-

इ. सहभागी भत्ता रु. १०००।- प्रति सहभागी

ई. सहभागी खाजा रु. २००।- प्रति सहभागी

उ. सहभागी खाना रु. ३००।- प्रति सहभागी (विहान देखि तालिम सञ्चालन गर्नु पर्ने भएमा)

ऊ. स्टेशनरी रु. १००।- प्रति सहभागी

ऋ. प्रशिक्षकको पारिश्रमिकः

- राजपत्राङ्कित कर्मचारी वा विज्ञ भएमा रु. १६००।- (प्रति सेशन)
- रा.प.अनं. कर्मचारी भएमा रु. १२००।- (प्रति सेशन)

सहभागीको आतेजाते खर्च

- रु. ३००।- ५ कि.मि. भित्रको सहभागीलाई
- रु. ६००।- ५देखि १५ कि.मि. भित्रको सहभागीलाई
- रु. १०००।- १५ कि.मि. र सो भन्दा बढी दुरीबाट आउने सहभागीलाई

१. मसलन्द रु. ५,०००।-

२. प्रतिवेदन रु. १,०००।-

३. तालिम उद्घाटन रु. १५०।- (प्रति उपस्थिति)

४. तालिम समापन रु. १५०।- (प्रति उपस्थिति)

५. व्यानर रु. १,०००।-

६. लेखाको काम गर्ने कर्मचारी रु. ५००।- (आवश्यक भएमा)

७. प्रमाण पत्र रु. ६०।- आवश्यक भएमा

८. हलभाडा । अन्य भाडाः गाउँपालिकाको दररेट ननाघ्ने गरी (आवश्यक भएमा)

९. सहायक कर्मचारी रु.५००।-

(स्पष्टिकरणः गाउँपालिका क्षेत्र भित्र बाहेक अन्य स्थानीय तह वा जिल्लाबाट विज्ञ प्रशिक्षक आमन्त्रण गरि प्रशिक्षण दिईने गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने भएमा माथि ग. (ऋ) मा उल्लिखित भत्ताको अतिरिक्त प्रचलित सवारी साधन भाडा उपलब्ध गराउन सकिने छ । गाउपालिकाको स्रोतबाट गैर सरकारी संस्थाहरुले सञ्चालन गर्ने तालिमहरुमा समेत यो व्यवस्था लागु हुने छ । संघीय सरकार र प्रदेश सरकारबाट कार्यक्रम सञ्चालन गर्न दफा (५) मा उल्लिखित विवरण तथा दर बाहेक अन्य दर र विवरण तोकी पठाईएमा सोही दर र विवरणमा तालिम कार्यक्रम सञ्चालन गरिने छ । तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई दिईने भत्ता प्रति कक्षा २० जना सहभागीलाई मानिने छ । तर प्रयोगात्मक प्रकृतिको तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई दिईने भत्ता प्रति कक्षा १० जना सहभागीलाई मानिने छ।)

## परिच्छेद ४
## विविध

**१४.संसोधन, बचाउ र खारेजी :**

(१)यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित संघीय तथा प्रदेश कानूनसँग बाँझिएमा यो कार्यविधि स्वत खारेज हुनेछ ।

(२)यो कार्यविधि संसोधन वा खारेज गर्न आवश्यक देखेमा गाँउसभाले संसोधन वा खारेज गर्न सक्नेछ ।

(३)यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार सञ्चालन कार्यविधि, २०७४ सँग बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले,**
**नबिना गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**